# अनि अभिमन्यु... उपन्यासमा विरोधी द्विचरको भञ्जन

अनुपमा रेग्मी *

**लेखसार**

प्रस्तुत लेख रोशन थापा 'नीरव'ले लेखेको अनि अभिमन्यु... उपन्यासमा प्रस्तुत विरोधी द्विचरको भञ्जनसम्बन्धी अध्ययनमा केन्द्रित रहेको छ । उपन्यासमा विरोधी द्विचरको भञ्जन भएको देखाउने उपन्याश अंशको छनोट गरी व्याख्या विश्लेषण गरिएका कारण प्रस्तुत लेख गुणात्मक अध्ययन पद्धतिमा आधारित रहेको छ । लेखमा पाठ विश्लेषण विधिअन्तर्गतको विषयवस्तु विश्लेषण विधिको प्रयोग गरी उपन्यासबाट विरोधी द्विचरको प्रयोग भएका सन्दर्भको खोजी गरिएको छ । प्राप्त सन्दर्भको विश्लेषण गरी ती द्विचर भञ्जन भएको अवस्थाबारे अध्ययन गरिएको छ । कृतिमा प्रस्तुत विरोधी द्विचरको भञ्जन सम्बन्धी अध्ययनका लागि कृति विश्लेषणको सैद्धान्तिक आधार उल्लेख गरी कृति विश्लेषणको ढाँचा पनि तयार पारिएको छ । यसअनुसार कृतिमा विरोधी द्विचरको भञ्जनले शब्दका परम्परित अर्थकेन्द्र भञ्जन भई अर्थगत बहुलता उजागर हुने मान्यता उल्लेख गरिएको छ । यसमा विधामिश्रण र विधाभञ्जन गरिएका उपन्यासमा विरोधी द्विचरको भञ्जन हुने अवधारणा प्रस्तुत गरिएको छ । यसै अवधारणा अनुरूप उपन्यासबाट विरोधी द्विचर भएका सन्दर्भको खोजी एवं विश्लेषण गरी विधा/पाठ, पात्र/आख्याता, सहर/गाउँ, हो/होइन, देवता/मानव, यथार्थ/कल्पना, स्वतन्त्र/परतन्त्र द्विचरको भञ्जन भएको, यसले ती द्विचरमा भएका शब्दको अर्थकेन्द्र पनि भञ्जन भई अर्थगत बहुलताको द्योतन भएको र प्रस्तुत कृति विनिर्मित खुलापाठ बनेको निष्कर्ष प्राप्त भएको छ ।

***शब्दकुञ्जिका :*** उत्तरसंरचनावाद, केन्द्रभञ्जन, विनिर्माण, विरोधी द्विचर, संरचनावाद

## विषय परिचय

*अनि अभिमन्यु...* (२०७१) उपन्यास रोशन थापा 'नीरव' ले लेखेका हुन् । उनी प्रयोगवादी उपन्यासकारका रूपमा स्थापित भएका छन् । उनका उपन्यासमा नवीन शैलीमा नेपाली समाजका विभिन्न विसङ्गत पक्षको चित्रण गरिएको पाइन्छ । यो उपन्यास सानासाना भागबाट संरचित छ । कुनै भाग एक शब्दका छन् भने कुनै लामा पनि छन् । प्रत्येक भागको अन्त्यमा तीनवटा साना साना शून्य दिएर भाग छुट्याइएको छ । यस उपन्यासमा अभिमन्यु पात्र विभिन्न प्रकारका चक्रव्यूहमा फसेर जीवन बाँच्न अभिशप्त भएको देखाइएको छ । यसका माध्यमबाट समाजमा इमानदार, निर्दोष, भ्रष्टाचार नगर्ने मानिसलाई बेइमान, फटाहा, भ्रष्टाचारीहरूले स्वाभिमानपूर्वक बाँच्न र गरिखान दिँदैनन् भन्ने विचार व्यक्त गरिएको छ । प्रयोगपरक शैलीमा लेखिएको यस उपन्यासमा विनिर्माणिक सिद्धान्तको प्रयोग गरिएको छ ।

विनिर्माण उत्तरसंरचनावादी समालोचना प्रणालीअन्तर्गतको समालोचना सिद्धान्त हो । यस सिद्धान्तले कृतिमा प्रस्तुत भएको भाषाले दिने बहुल अर्थको उजागर गरी अर्थगत अनिश्चितताको अवस्था देखाउनुपर्ने मान्यता राखेको छ । यसले संसारबारे आधिभौतिक ज्ञान प्रदान गर्ने सन्दर्भमा प्लेटोदेखि लेभिस्ट्रससम्मका सबै पश्चिमी सिद्धान्तले भाषालाई माध्यम बनाएको तर्क प्रस्तुत गरेको छ । भाषालाई माध्यम बनाउने

* उपप्राध्यापक, नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि., E-mail: regmianupama@gmail.com

क्रममा भाषामा अनगिन्ती विरोधी द्विचर निर्माण भएका, तिनले अघिल्लो शब्दलाई उच्चता प्रदान गरी अर्थकेन्द्रको निर्माण गरेको र अन्तिम सत्यको पक्षपोषण गरेको विचार ज्याक डेरिडाले प्रस्तुत गरेका छन् (जनसन, सन् २००४, पृ. VIII) । डेरिडाले पाठमा भएका यस्ता युग्मकको खोजी गरी उच्छेदन गर्नुपर्ने बताएका छन् । त्यसैले, कृतिको विनिर्माणिक समालोचना गर्दा कृतिमा भएका विरोधी द्विचरको खोजी गरी तिनमा केन्द्रलाई प्रश्रय दिइएको या केन्द्रभञ्जन गरिएको अवस्था पत्ता लगाइन्छ । त्यसअनुसार कृति विनिर्माणिक भएनभएकोबारे मूल्याङ्कन गरिन्छ । यस लेखमा विनिर्माण सिद्धान्तअन्तर्गतको विरोधी द्विचरसम्बन्धी यसै मान्यतालाई आधार बनाएर रोशन थापा 'नीरव' ले लेखेको *अनि अभिमन्यु...* उपन्यासको अध्ययन गरिएको छ ।

*अनि अभिमन्यु...* उपन्यास प्रयोगपरक शैलीमा लेखिएको उपन्यास हो । यस उपन्यासमा महाभारतमा उल्लिखित पात्र अभिमन्युको चरित्रलाई आधुनिक समयको पात्रमा रूपान्तरित गरिएको छ । यसमा महाभारतकालमा अभिमन्यु चक्रव्यूहमा परे जस्तै अहिलेको समय, राजनीतिक व्यवस्था र समाजको चक्रव्यूहमा परेको पात्रको अवस्थालाई विषय बनाइएको छ । मूल पात्रको किंकर्तव्यविमूढ स्थितिलाई चित्रण गर्ने क्रममा यस उपन्यासमा विनिर्माणिक सिद्धान्तका मान्यताको पनि प्रयोग गरिएको छ । यसर्थ, यस उपन्यासमा प्रयुक्त विरोधी द्विचरको अवस्थाबारे अध्ययन गर्नु वाञ्छनीय देखिएको छ । यस लेखमा 'अनि अभिमन्यु... उपन्यासमा कुनकुन विरोधी द्विचरको भञ्जन गरिएको छ' र 'त्यसको औपन्यासिक सान्दर्भिकता के हो' भन्ने शोधप्रश्न निर्माण गरी तिनको प्राज्ञिक समाधान गर्ने मूल उद्देश्य राखिएको छ । प्रायशः प्रयोगपरक उपन्यासमा विनिर्माण सिद्धान्तका मान्यता प्रयोग हुनसक्ने हुँदा विरोधी द्विचरको भञ्जनसम्बन्धी सन्दर्भको विश्लेषण गर्नु प्राज्ञिक कार्य भएकाले यस लेखको औचित्य सिद्ध भएको छ । यसअघि प्रस्तुत उपन्यासको विषयवस्तुसम्बन्धी सामान्य परिचर्चा भए पनि विरोधी द्विचरको प्रयोगका सन्दर्भबाट अध्ययन नभएका कारण देखिएको प्राज्ञिक रिक्तता परिपूर्तिका लागि यो लेख तयार पारिएको हो । यस लेखमा *अनि अभिमन्यु...* उपन्यासमा अभिव्यक्त विरोधी द्विचरको भञ्जनबारे सघन अध्ययन गरी त्यसको कृतिगत सान्दर्भिकता प्रस्तुत गरिएको छ ।

## विरोधी द्विचरको भञ्जनसम्बन्धी सैद्धान्तिक आधार र कृति विश्लेषणको ढाँचा

अङ्ग्रेजीमा 'बाइनरी अपोजिसन' (Binary Opposition) लाई नेपालीमा 'विरोधी युग्मक' वा 'विरोधी द्विचर' भन्नसकिन्छ । यद्यपि, नेपाली समालोचनामा यसको प्रत्यक्ष रूपान्तर गरी 'द्विचरविरोध' शब्द प्रचलित भएको छ । 'द्विचरविरोध' शब्दबाट दुईवटा चरहरूका बिचमा विरोध भन्ने सामान्य अर्थ बुझिन्छ । यसले दुईवटा जुनसुकै प्रकारका चरका बिच विरोध भन्ने अर्थ पनि बुझ्न सकिन्छ तर 'विरोधी द्विचर' शब्दले त्यस्ता द्विचर वा जोडी शब्द जुन एकआपसमा विरोधी अर्थ राख्छन् भन्ने अर्थ दिन्छ । यही नै 'बाइनरी अपोजिसन'ले दिने मूल धारणा भएकाले 'द्विचरविरोध' शब्दका सट्टामा 'विरोधी द्विचर' शब्द प्रयोग गर्नु बढी उपयुक्त देखिन्छ ।

विरोधी द्विचरसम्बन्धी धारणा संरचनावादको मूल मान्यता हो । संरचनावादले संसारलाई बुझ्न यस्ता विरोधी द्विचरको आवश्यकता हुने धारणा राखेको छ । संरचनावाद भाषाबाट विकसित भएको दर्शन हो । यसले संसारका हरेक विषयको खास संरचना हुन्छ भन्ने मान्यता राखेको छ । संरचनामा रहेका फरकफरक भागको प्रत्येकसित पारस्परिक सम्बन्ध रहन्छ जसरी एउटा यौगिकमा अणुहरू रहन्छन् साथै संरचना एउटा केन्द्रको वरिपरि सङ्गठित भएको हुन्छ (कोनर, सन् १९९१, पृ. ७३७) । कुनै पनि संरचनाभित्र नियमपूर्वक

रहेका संरचक घटकले संरचनात्मकता निर्माण गर्ने, त्यस संरचनामा एउटा केन्द्र हुने र सबै अन्य संरचक घटकले त्यससित पारस्परिक सम्बन्ध स्थापित गरी निश्चित संरचना निर्माण हुने संरचनावादीको तर्क रहेको छ । संरचनावादले स्थिरता, एकत्व, केन्द्र र अन्तिम सत्यको आकाङ्क्षा राखेको छ । यसको खोजीका लागि भाषालाई माध्यम बनाउनुपर्ने यसको मान्यता रहेको छ । भाषाशास्त्री फर्डिनान्ड डी सस्सुरले भाषाको आन्तरिक संरचनाको अध्ययन ल्याङ्ग (समाज भाषा)/प्यारोल (व्यक्ति भाषा), कालक्रमिक/समकालिक, सङ्केतक/सङ्केतितमा छुट्याएर गर्नुपर्ने बताएका छन् । यस मान्यतालाई नै संरचनावादले मूल आधार बनाएको छ । मानवशास्त्री क्लाउड लेभिस्ट्रसले पनि मिथक, परम्परा र नातासम्बन्धको अध्ययनका सन्दर्भमा सबैभन्दा पहिला भाषामा रहेका विरोधी द्विचरको खोजी गर्नुपर्ने बताएका छन् (कडन, सन् १९९९, पृ. ८६९) । भाषामा भएका विरोधी द्विचरको खोज एवं अध्ययनबाट सबै संरचनाको खोजी गर्नसकिन्छ भन्ने संरचनावादी मान्यताको विरोधमा विकसित उत्तरसंरचनावादले मूलतः विरोधी द्विचरको भञ्जन गर्नुपर्ने धारणा राखेको छ । यस सम्बन्धमा ज्याक डेरिडाले भनेका छन् :

> जब लेभि-स्ट्रसले *द र एन्ड द कुक्ड*को भूमिकामा 'श्रेष्ठता पत्ता लगाउन प्रारम्भमा चिह्नको तहमा भावजन्य र बुद्धिजन्यबिचको विपरीतता खोज्नुपर्छ' भनेका छन्, आवश्यकता, शक्ति र वैधताले पनि उनको कामले हामीलाई के बिर्सन दिँदैन भने चिह्नको धारणा स्वयम्ले गर्दा यो भावजन्य र बुद्धिजन्यबिचको विपरीतताद्वारा अद्वितीय वा श्रेष्ठता पत्ता लगाउन सकिँदैन । (डेरिडा, सन् १९७८, पृ. २८१)

डेरिडाको यस भनाइमा संसारलाई बुझ्ने पश्चिमेलीहरूको तरिका भाषामा भएका यस्ता विपरीत चिह्न वा चरहरूमा आश्रित छ, यद्यपि यस्ता विरोधी द्विचरका माध्यमबाट संसारका हरेक वस्तुको आन्तरिक व्यवस्था पत्ता लगाउन सकिँदैन भन्ने देखिन्छ । "ज्याक डेरिडाका अनुसार पश्चिमका सम्पूर्ण विचार नै द्वैधताको सापेक्षतामा संरचित छन् : असल विरुद्ध खराब, भविता विरुद्ध शून्यता, चेतना विरुद्ध पदार्थ, नर विरुद्ध नारी, आत्मा विरुद्ध शरीर, जीवन विरुद्ध मृत्यु, प्रकृति विरुद्ध संस्कृति, वाक् विरुद्ध लेखन" (जनसन, सन् २००४, पृ. VIII) । डेरिडाले अर्थको केन्द्रीकरणसम्बन्धी प्रक्रियालाई सम्भव बनाउनका लागि पश्चिमी दर्शन/संस्कृतिमा यस्ता अनगिन्ती विरोधी द्विचरको रचना गरिएको बताएका छन् । "यस्ता हरेक विरोधाभासी पदानुक्रममध्ये सामान्यतया पहिलोलाई अर्थको मूलकेन्द्रबाट नजिक र अर्कोलाई टाढा बनाएको छ" (उप्रेती, २०६८, पृ.३७) । यसर्थ, डेरिडालगायत उत्तरसंरचनावादीहरूले यस्ता विरोधी द्विचरको भञ्जन गरी केन्द्रको भञ्जन गर्नुपर्ने धारणा राखेका छन् । डेरिडाले यसका लागि सुरुमा भाषामा रहेका यस्ता द्विचरको खोजी गर्नुपर्ने राय दिएका छन् । केन्द्रभञ्जन गरेपछि मात्र भाषाको खेल पत्ता लाग्ने र एउटै शब्दका अनन्त अर्थहरू खुल्ने डेरिडाको तर्क रहेको छ । उनले युग्मकका दुईमध्ये अघिल्लो शब्दलाई विशिष्ट मान्ने प्रक्रियालाई 'शब्दकेन्द्रवाद' भनी त्यस अर्थकेन्द्रको उच्छेदन गर्नुपर्ने बताएका छन् ।

विनिर्माण सिद्धान्तले कृतिमा भएका विरोधी द्विचरको खोजी गरी तिनको भञ्जनद्वारा अर्थगत बहुलताको उजागर गर्नुपर्ने धारणा राख्छ । विरोधी द्विचरको भञ्जन हुनु अर्थकेन्द्र वा केन्द्रभञ्जन हुनु हो । केन्द्रभञ्जन हुनु पाठको केन्द्र मानिएको निश्चित अर्थको पनि भञ्जन हुनु हो । "केन्द्रभञ्जन गर्दा अर्थकेन्द्र वा केन्द्रीय मानिएको अर्थ पनि भञ्जन हुनेहुँदा अर्थका अनेक तह खुल्छन्, जसले गर्दा पाठमा अर्थगत अनिश्चितता पैदा हुन्छ । डेरिडाका अनुसार भाषामा आउने कुनै पनि चिह्न (सङ्केतक) को निश्चित अर्थ हुँदैन । भाषालाई माध्यम बनाउने हुँदा साहित्यिक कृति आलङ्कारिक हुन्छ, यसैले यसमा पनि अर्थगत अनिश्चितताको अवस्था

रहन्छ" (नारंग, सन् २०००, पृ. १५४) । साहित्यिक कृति भाषामा प्रस्तुत हुनेभएकाले यसमा विरोधी द्विचर रहेका हुन्छन् । त्यस्ता युग्मकको भञ्जन गरेपछि बहुल अर्थ पत्ता लाग्दछन् । बहुल अर्थ उजागर गर्नु नै विनिर्माणिक पठन हो । प्रस्तुत लेखमा रोशन थापा 'नीरव' ले लेखेको *अनि अभिमन्यु...* उपन्यासमा प्रस्तुत भएका विरोधी द्विचर खोजी गरी तिनको भञ्जनको अवस्थाबारे अध्ययन विश्लेषण गरिएको छ ।

**अनि अभिमन्यु... उपन्यासमा विधा/पाठ द्विचरको भञ्जन**

*अनि अभिमन्यु...* उपन्यासमा विरोधी द्विचरको भञ्जन गरी अर्थगत बहुलताको उजागर गर्ने सन्दर्भहरू प्रस्तुत गरिएको छ । यसमा उपन्यास विधाको भञ्जन भएको छ । यस उपन्यासको प्रारम्भमा आख्यान कहाँबाट सुरु गर्ने भनी समाख्याताले प्रश्न गरेको त्यसपछि अक्षरहरूको प्रवेश भएको दृश्य उल्लेख गरिएको छ । त्यसपछि आख्यान प्राक्कल्पनाको उल्लेख गरिएको छ । विषयवस्तुको पद्यात्मक प्रस्तुति छ । बिचबिचमा दृश्यान्तरण गरिएको छ । यसमा नाटकीयता र पद्यात्मकताको मिश्रण गरिएको छ । यसले उपन्यास विधाको भञ्जन भई यो कृति पाठमा रूपान्तर भएको छ । यद्यपि उपन्यासका सबै संरचक घटक कथानक, पात्र, परिवेश, दृष्टिविन्दु कुनै न कुनै तरिकाले प्रस्तुत भएका छन् । यसर्थ यस कृतिले उपन्यास विधाको स्वरूप पनि प्राप्त गरेको छ । विधा र पाठ दुवै भन्नसकिने भएकाले यस कृतिमा विधा/पाठ विरोधी युग्मक भञ्जन भएको छ ।

प्रस्तुत उपन्यासमा अभिमन्यु, उसकी पत्नी उत्तरा, दिदी, बहिनी, बाबु, आमा, छरछिमेकी, अभिमन्युको कार्यालयका हाकिम, कार्यालय सहयोगी आदि पात्रहरूको भूमिका छ । यसमा आख्याता पनि पात्रकै रूपमा प्रस्तुत भएको छ । सामान्यतया आख्याता कथावाचक हो । कथाको सङ्कथनात्मक प्रकार्यमा वा भूमिकामा, ध्वनि र आख्यानात्मक सञ्चरणको स्रोतका रूपमा, कथामा भरखरै उत्पादित कथनको कथक वा वाचकका रूपमा र आख्यानीकरणको संयोजकका रूपमा आख्याताको उपस्थिति भएको हुन्छ (मार्गोलिन, सन् २००९, पृ. ३५१) । परम्परित आख्यानमा आख्याताले पात्रका गतिविधिलाई व्याख्या गरेर पाठकलाई सुनाउने कार्य गरेको हुन्छ तर *अनि अभिमन्यु...* उपन्यासमा आख्याता कथाकथक मात्र नभई पात्रका रूपमा पनि उपस्थित छ । तलको उद्धरणले यस कुरालाई पुष्टि गरेको छ :

बसिरहेको छ एउटा युगको थुम्कोमा ।
यस आख्यानको नायक ।
हेरिरहेछ चटक र परिस्थिति ।
अरू पनि कति छन् प्रपञ्चहरू ।
भोग्नु छ उसलाई ती सबै ।
म आख्याता
आकाशवाणीयुक्त आदेशमा नागपाश भएको छु । (थापा, २०७१, पृ. १०)

माथिको उद्धरणमा आख्याताले आफू नागपाशले बेरिए जस्तै यस आख्यानमा अनुबन्धित हुनुपरेको कुरालाई उल्लेख गरेको र यसका गतिविधिलाई आफूले व्यक्त गर्दै जाने बताएको छ । यसबाट पात्र/आख्याता द्विचर भञ्जन भएको छ । यस आख्यानमा आख्याता पात्र पनि हो, आख्याता पनि हो । पात्र र आख्याताको अभेद स्थिति रहेकाले यो द्विचर भञ्जन भएको हो । पात्र/समाख्याता विरोधी द्विचर भञ्जन भएका कारण यस उपन्यासमा विधान्तरण भई विधा/पाठ द्विचर पनि भञ्जन भएको छ । यही द्विचर भञ्जन भएको तल लिखित अर्को सन्दर्भबाट पनि पुष्टि हुन्छ :

बसेको छ अहिले कथानायक
आफ्नो भूमिकासहित ।
यो अतिशय स्वच्छन्दतावादी काव्यधारा लाग्न सक्छ ।
लाग्न सक्छ काव्याख्यान पनि ।
जेजस्तो लागे पनि पाठक स्वतन्त्र छ यस आख्यानभूमिमा
जसरी जुन रूपमा पठन गर्न सकिने इच्छा हुन्छ ।
पाठक स्वतन्त्र छ ।
यसर्थ यो आख्यान हो ।
यसर्थ यो काव्याख्यान हो ।
यसर्थ यो महाख्यान हो । (पृ. १०)

उल्लिखित उद्धरणमा प्रस्तुत कृतिलाई जसरी जुन रूपमा पनि पढ्न सकिने कुरा व्यक्त गरिएको छ । यो काव्याख्यान भएको कुरा पनि यसमा उल्लेख भएको छ । पाठकले जे जस्तो रूपमा पढ्न स्वतन्त्र भएको भन्नु यो कृति विधाहीन पाठ भएको कुरा स्पष्ट पार्नु हो । यसका साथै यो कृति काव्य अर्थात् पद्य र आख्यानको मिश्रण भई पाठ बनेको कुरा पनि यसबाट स्पष्ट भएको छ ।

प्रस्तुत कृतिमा उपन्यासविधाका संरचक घटकहरूको भञ्जन भएको छ । परिवेश, घटना, पात्रपरिचय आदिलाई छुट्टाछुट्टै भाग वा अंशका रूपमा उल्लेख गरिएको छ । यसमा कथानकको प्रस्तुतिमा क्रमहीनता रहेको छ । उपन्यास भनिए पनि यसमा नाटक र कविता विधाको मिश्रण भई विधाभञ्जन भएको छ । पात्र परिचय प्रस्तुति, दृश्यको उल्लेख र संवादको प्रयोग गरी यसमा नाटकीयता ल्याइएको छ । घटनाको प्रस्तुतिमा पद्यात्मकताको प्रयोग गरी कवितात्मकता ल्याइएको छ । यसैले यसमा विधामिश्रण भएको अवस्था छ । विधागत तत्त्वको भञ्जन र अन्य विधाको मिश्रणले यो कृतिमा विधा र पाठका अर्थकेन्द्रको भञ्जन भएको छ साथै विधा/पाठ द्विचर भञ्जन भई यो कृति 'खुला पाठ' बनेको छ ।

**अनि अभिमन्यु... उपन्यासमा हो/होइन विरोधी द्विचरको भञ्जन**

प्रस्तुत उपन्यासमा कतिपय घटना यथार्थ र कल्पना भनी छुट्याउन नसकिने प्रकारका छन् । यस उपन्यासको भाग चारमा परिवेशको चित्रण गरिएको छ । बस्तीको सामान्य चिनारी शीर्षकमा यसको प्रमुख पात्र अभिमन्यु बस्ने ठाउँको चिनारी यसरी प्रस्तुत गरिएको छ :

> यथार्थमा राजधानीभित्रै पर्ने कुनै गाउँ जस्तो ठाउँ । सहरभन्दा गाउँ जस्तै सहरभन्दा अलि पर रहेको ठाउँ । राजधानीको मुटुबाट बीसपच्चीस किलोमिटर उत्तरपूर्वतिर पर्ने मानवसमाज । सानो गाउँ । बस्ती । त्यहाँभित्र सबै खाले मान्छे छन् बसेका मिलेरै । सबै जातजातिहरू । त्यहाँ सानो जङ्गल छ । जङ्गलभित्र बाघ छ । स्याल छ । बँदेल छ । कुखुरा जस्तै पन्छी छ । बस्तीभित्र मान्छे छन् । मान्छेसँगै गाईपालन छ । ... यस दृश्यले खेती छ भन्ने अर्थ स्पस्टिन्छ, हो खेती छ । यी सबै गाउँले परिदृश्य भए पनि आजको गाउँ भएकाले त्यहाँ ठूलो बाटो छ । बाटो भएकाले मोटर पुगेको छ । मोटर चलेकाले त्यसले अनेक सांस्कृतिक चलनलाई भित्र्याएको छ । यसैले गाउँका सबै घरका धुरीमा डिसएन्टेना छ । प्रस्ट हुन्छ, घरमा टिभी छ । दस घरमध्ये पाँचमा कम्प्युटर पनि छ । गाउँको चौतारोमा बसेर युवाहरूलाई बिहेपत्ती अर्थात् म्यारिज खेल पनि बिदा, बन्दका बेलामा खेलिने गरी

> उपलब्ध छ भने एकदुई पसलमा बालबालिकाको लागि भिडियो गेम सञ्चालन छ । हातहातमा मोबाइल छ । (पृ. ८)

उल्लिखित उद्धृतांशमा आएको परिवेशमा गाउँ भए पनि सहरिया विशेषता बोकेको ठाउँको चित्रण आएको छ । घरघरमा टिभी, हात हातमा मोबाइल भएको यस ठाउँमा खेतीपाती गर्ने मानिसको बसोबास भएको छ । यसैले यस परिवेशको चित्रणमा सहर/गाउँ द्विचर भञ्जन भई दुवै हो/होइन भन्न सकिने र नसकिने अवस्था रहेको देखिन्छ । यो परिवेश गाउँको हो भने गाउँको पनि होइन र सहरको हो भनौँ भने सहर पनि होइन । यही हो/होइनको बिचमा रहेको बस्तीलाई यस उपन्यास अंशमा चित्रण गरिएकाले यसमा हो/होइन र सहर/गाउँ द्विचर भञ्जन भएको छ । यसै द्विचरको भञ्जन भएको अर्को सन्दर्भ पनि यसै भागमा उल्लेख भएको छ । "साँझहुँदो सबै युवाहरू त्यहाँ उपस्थित भएर गाउँका सबै धुरी हेर्नु एउटा आदर्शी आनन्दको बोध हुने गर्दछ । कोही कसैसँग रुष्ट र भ्रष्ट देखिएको छैन । अँध्यारोमा वा गोप्यमा भएको भए थाहा छैन" (पृ. ९) भन्ने उद्धरणमा उल्लिखित परिवेशमा आदर्शमय बस्ती रहेको उल्लेख गरिएको छ । कोही कसैसित रुष्ट नभएको कुरा पनि व्यक्त गरिएको छ । अँध्यारोमा कोही रुष्ट भएको भए थाहा नभएको भनी रुष्ट हुनसक्ने अवस्थालाई पनि व्यक्त गरिएको छ । यस उद्धरणको अध्ययन गर्दा उल्लिखित परिवेश आदर्श स्थान हो र होइन पनि । यसलाई आदर्श बस्ती हो भन्न पनि सकिन्छ र होइन भन्न पनि मिल्छ । यस्तो स्थितिको चित्रणले हो/होइन द्विचर भञ्जन भएको छ ।

प्रस्तुत उपन्यासको भाग बाह्रमा अभिमन्युको पारिवारिक परिचय उल्लेख गर्ने क्रममा अभिमन्युको भिनाजुलाई बेपत्ता पारिएको एउटा घटना आएको छ । उनका भिनाजुलाई हरिया वस्त्रपरिधानमा आवृत्त भएका एक जत्था मुसुन्डाले एक्कासि अपहरण गरेर बेपत्ता पारेका, पहिला केही थाहा नभए पनि पछि विद्यार्थीले देखेर थाहा दिएका, प्रहरीमा उजुरी दिए पनि केही थाहा नभएको अवस्थामा अनेक हल्ला फिँजिएको भाग तेह्रमा प्रस्तुत निम्नलिखित सन्दर्भ अभिव्यक्त गर्ने क्रममा हो/ होइन द्विचर भञ्जन भएको छ ।

> प्राक्कल्पित यथार्थ दृश्य–१ : जङ्गलका युद्धकहरूले उसलाई बोकेर लगेको छ । बोकेर सभ्य भाषा हो । घिसारेर लगेको छ भन्नुपर्छ । सत्य यही हो । लगेका छन् । तीन दिन, तीन रात हिँडाएको छ हिँडाएकै छ । भोक । तिर्खा । मुख सुकेको । हात बाँधेको । आँखा छोपेको । पट्टी बाँधेको । (पृ. १५)

माथिको उद्धरणमा अभिमन्युका भिनाजुलाई अपरहण गरेको जङ्गलका युद्धकर्मीहरूले हो कि भनी शङ्का व्यक्त गरिएको विषय आएको छ । सशस्त्र युद्धताका विद्रोही पक्षले उसलाई आँखामा पट्टी बाँधिदिएर घिसार्दै, भोकै तीन दिन तीन रात हिँडाएको कुरा मानिसले कल्पना गरेका हुन् भन्ने कुरा उद्धरणको शीर्षकमा प्रस्तुत भएको छ । यो प्राक्कल्पित यथार्थ अर्थात् कल्पना गरिएको यथार्थ घटना हो भन्ने अंशले यो घटना घटेको हुन सक्छ र नहुन सक्छ भन्ने दुवै अवस्थालाई सङ्केत गरेको छ । यसर्थ, यसमा हो/होइन द्विचर भञ्जन भएको हो । यसै घटनालाई प्रस्तुत गर्ने निम्नलिखित उद्धरणमा पनि यही द्विचर भञ्जन भएको देखिन्छ ।

> प्राक्कल्पित यथार्थ दृश्य–२ : सहरका युद्धकहरूले उसलाई अर्थात् शिक्षकलाई समाएर लगेको छ । घेरेर लगेको छ । यात्रा यहाँ पनि टाढा नै छ । कुनै खोरभित्र हाल्न होला भन्ने उसले सोचेको छ । केही सल्लाह वा सोधपुछ गर्न भनेर लगिएको हो भनेको छन् । लैजान त हातखुट्टा नबाँधीकनै लगेका छन्, तर कहाँ लग्न लागेका हुन्, यो भने थाहा लागेको छैन । उसको आँखामा भने त्रासका अनेक दुर्घटनाहरू उफ्रन थाल्छन् । (पृ. १८)

माथिको उद्धरणमा सहरका युद्धक अर्थात् सेनाले शिक्षकलाई समातेर केही सोधपुछ गर्नुपर्ने भएको बताएका तर कहाँ लगेका हुन् भन्ने थाहा हुन नसकेको घटना उल्लिखित छ । यो घटना पनि मानिसहरूले कल्पना मात्र गरेका हुन् भन्ने कुरा पनि यस उद्धरणको शीर्षकमा लेखिएको छ । यो पनि प्राक्कल्पित यथार्थ भएकाले यो घटना घटित हो या होइन भन्न सकिने अवस्था छैन । सशस्त्र युद्ध हुँदाताका यस्ता धेरै घटना भएका थिए । त्यसैले यो घटना साँचो पनि हुन सक्छ र नहुन पनि सक्छ भन्ने अवस्थालाई देखाइएका कारण यस उद्धरणमा पनि हो/होइन द्विचर भञ्जन भएको हो । यस द्विचरको भञ्जनले हामीले थाहा पाएका कुरा मात्र सत्य हुन् भनी त्यसको पृष्ठभूमिका बारेमा अनुमानित कुरा गरी सत्यता दाबी गर्नमिल्दैन । सत्यताको दाबी गरिएका सबै कुरा सत्य नै हुन्छन् भन्ने छैन र सत्य हुँदैनन् भन्न पनि सकिँदैन । यसैले, हरेक घटना सन्दर्भका पछि केही वास्तविकता र केही काल्पनिकता रहेकै हुने भएकाले अर्धसत्य नै मानवीय जीवनको मूलसत्य हो भन्ने कुरा पुष्टि भएको छ । भाग बाह्रका यी उद्धरणमा यथार्थ/कल्पना द्विचर पनि भञ्जन भएको छ । अभिमन्युका भिनाजुलाई अपहरण गर्ने सेना वा विद्रोही जो पनि हुनसक्ने, उसलाई घोर यातना दिएको हुन सक्ने सन्दर्भ यथार्थ र कल्पना दुवै हुनसक्छ । यथार्थ मानेको घटना कल्पना हुनसक्ने र कल्पना मानेको घटना यथार्थ हुनसक्ने अवस्था भएकाले यी उद्धरणमा यथार्थ र कल्पनाको अर्थकेन्द्र भञ्जन भई यथार्थ/कल्पना द्विचर भञ्जन भएको छ ।

**अनि अभिमन्यु... उपन्यासमा देवता/मानव विरोधी द्विचरको भञ्जन**

प्रस्तुत उपन्यासको प्रमुख पात्र अभिमन्यु यस देशको सामान्य नागरिक रहेको भए पनि नाम सुन्नासाथ महाभारतको याद हुने कुरा नवौँ भागमा यसरी प्रस्तुत गरिएको छ :

नायक ।
नाउँ माथि नै भनिएको छ ।
अभिमन्यु ।
नाउँसँगै एकफेर फरफरिन्छन् महाभारतका पृष्ठहरू ।
छिटोछिटोमा भाग्छन् ती पृष्ठ हतारिँदा दृश्यहरू लिएर ।
म हेर्छु ।
थुम्कोमा बसेकै छ अभिमन्यु ।
महाभारतमा त चक्रव्यूह रहेको...। (पृ. १२)

उपर्युक्त उद्धरणमा अभिमन्यु महाभारतमा चक्रव्यूहमा परेको भए पनि अहिले यस आख्यानमा थुम्कोमा बसेको सामान्य नागरिक हो भन्ने कुरा उल्लेख भएको छ । यस कुरालाई पुनः तलको उपन्यास अंशले पनि पुष्टि गरेको छ :

> अभिमन्युको परिचय ठूलो र महान् छैन । सानो र सामान्य छ, किनभने ऊ त्यस महाभारतको महान् योद्धाजस्तो नभएर यस अभिशप्तित राष्ट्रको सामान्य नागरिक मात्र हो । यद्यपि उसको दैनिकीलाई लिएर बेलाबेला एउटा अज्ञात चर्चा चल्ने गरेको छ । उसमाथि पराशक्तिको किंवदन्ती थोपरेर उसप्रति अनेक विशेषण गर्ने गरेको पनि देखिएको छ । हुन त यो कुरा उसका पछाडि हुने गरेकाले यसप्रति उसको कुनै चासो रहेको देखिएको छैन । कसैकसैले भगवान् भन्ने गरेको देखिए

पनि उसले आफूलाई सामान्य मान्छे, अरू नागरिक सरह नै मान्नका लागि आग्रह गरेको छ, गर्दछ पनि । (पृ. १४)

अभिमन्यु सामान्य नागरिक भएको कुरा उल्लिखित अनुच्छेदको सुरुमा व्यक्त भएको छ । ऊ राष्ट्रको सामान्य नागरिक मात्र भए पनि ऊसित पराशक्ति भएको अन्य मानिसको विश्वास रहेको छ। नाम अभिमन्यु भएकाले, महाभारतको चक्रव्यूह भेदन गर्ने शक्तिशाली पात्रकै पुनर्जन्मका रूपमा कसै कसैले त उसलाई ईश्वर नै मान्नेगरेका छन् । ऊ आफूलाई ईश्वर मान्न तयार छैन । ऊ अन्य मानिसका दृष्टिमा ईश्वर हो भने स्वयंमा मानिस । यसैले उसको चरित्रमा देवता/मानव द्विचर भञ्जन भएको छ । यस उपन्यासको निम्नलिखित सन्दर्भमा पनि यही द्विचर भञ्जन भएको छ ।

'खबरदार, अभिमन्युलाई कसैले छुन वा थिचोमिचो गर्न पाउने छैन ।'
एउटाले गरेको हो क्यार ।
त्यो हाकिमको सरुवा जुम्लातिर भएछ ।
अर्को त्यस्तै ज्याद्रो र भ्रष्ट हाकिमले पनि उसमाथि गर्न लागेको
कुव्यवहार ।
भोलिपल्ट त्यो हाकिमको मृत्यु भएछ हृदयाघातबाट ।
यो संयोग मात्र हो वा पूर्वनिर्धारित ?
थाहा नभए पनि यथार्थचाहिँ यही भएको ।
यसैले प्रायशः मान्छे कार्यालयको अभिमन्युसँग त्रसित हुने गर्दछ । (पृ. ६१)

माथिको अनुच्छेदमा अभिमन्युलाई थिचोमिचो गर्नखोज्ने एउटा हाकिमको भोलिपल्टै हृदयाघातका कारण मृत्यु भएपछि कार्यालयमा उसको देवत्वका कारण यस्तो भएको हल्ला चलेको छ । त्यसैले अभिमन्युदेखि मानिस त्रसित छन् । कार्यालयमा उसलाई दैवीशक्ति प्राप्त भएको भनाइ छ :

किंवदन्ती छ त्यो आकृति नारी कालीको
हजार बाहु भएको ।
सबै हातमा केके वस्तुहरू
नाच्तै गरेको ।
धर्ती हल्लिन्छ ।
हो, त्यही कालीदेवीको आशीर्वाद छ ।
अभिमन्युका थाप्लोमा । (पृ. ६२)

कार्यालयमा मानिसले अभिमन्युमा कालीदेवीको आशीर्वादले गर्दा दैवीशक्ति भएकाले अभिमन्यु ईश्वर सरह शक्तिवान् भएको तर्क गरेको कुरा उल्लिखित अनुच्छेदमा प्रस्तुत भएको छ । ऊ मानव भए पनि ईश्वरसरह शक्ति भएकाले देवता/मानव द्विचर भञ्जन भएको छ। यसै कुरालाई पुष्टि गर्ने अन्य अभिव्यक्ति पनि साठीऔं भागमा प्रस्तुत गरिएका छन्, जुन यसप्रकार छन् :

१. बस्तीमा साँझहुँदो कुनै एक समय नै भनूँ न, बृहस्पतिबाट हो वा कुनै अन्य अनौठो ग्रहबाट एउटा उल्काको पिण्ड झरेछ । मान्छेहरूले देखेपछि त्राहिमाम, त्रास र अत्यासले कराउँदै दौडन

लाग्छन् । ... यता त्यो पिण्ड भकुन्डो जस्तो भएकाले वा त्यस्तो पाराले आएको देखी बाहिर खेलिरहेको अभिमन्युले दुई हात थापेर रोक्छ र बस्ती बचाउँछ । (पृ. ६४)

२. बस्ती, टोल, गाउँमा पानी नपरेको धेरै भएछ । तिर्खा र सुक्खाले बिजोग पारेको समय । धेरै समयसम्म पानी नपरेपछि इनार, कुवा, ढुङ्गे धारा सुकेको । ... पर्छ कि पर्छ भन्दाभन्दै नपर्ने स्थितिले ग्रस्त । यस्तै बेला असारका दिन कट्नकट्न लागेको एक समय अभिमन्युको जन्म भएछ । उसको जन्मनुसँगै एक्कासि ढाकिएर बादलैबादल भएर पानी घनघोर पर्न थालेछ । यसलाई गाउँले, समाजले दैवी शक्तिको संयोग उपमाबाट हेर्न थालेछन् ।

३. अभिमन्युलाई दिउँसो तेल लगाउन आमाले घाममा सुताइरहेकी छिन् । भित्र तेलमा ज्वानोमेथी फुराउन जान्छिन् । फुराएर बाहिर आउँदा छिमेकी गाइँगुइँ गरेको सुन्छिन् । ...अगि भर्खर तपाईंको छोरालाई सुताइरहेको ठाउँमा एउटा सेतो नाग आएर तपाईंको छोराको टाउकोमा फना उठाएर बसिरहेको हामीले देखेको । (पृ. ६५)

माथिका तीनैवटै बुँदामा उल्लिखित उद्धरणका अनुसार जन्मैदेखि अभिमन्यु दैवीशक्तिले युक्त भएको व्यक्ति हो भन्ने विभिन्न घटना सन्दर्भबाट प्रमाणित भएकोमा मानिसको विश्वास रहेको छ । उसले उल्कापिण्डबाट बस्तीलाई बचाएको, उसको जन्मसँगै सुक्खायाम सकिएको र सेतो नागले उसलाई आशीर्वाद दिएको कुरा छिमेकीले देखेको सन्दर्भले उसमा दैवीशक्ति चढेर ईश्वर भएको कुरालाई प्रस्तुत गरेका छन् । तर ऊ स्वयम् यी कुरामा विश्वास गर्दैन उसले आफूलाई सामान्य मानिस नै भनेर चिनाएको निम्नलिखित सन्दर्भ उपन्यासमा प्रस्तुत भएको छ :

...अभिमन्युबाबू तपाईं त भगवान् हो ।

...होइन दिदी, म त साधारण मान्छे हुँ तपाईंहरू जस्तै ।

...होइन बाबू, तपाईंमा अदृश्य शक्ति छ । नत्र धामीझाँक्रीले गर्न नसकेको बिसेक, तपाईंले गरिदिनुभएको छ ।

...के भन्ने खै, यो त मैले औषधी खुवाएको हुँ नि त । (पृ. ६६)

अभिमन्युले औषधी खुवाएपछि झारफुकलगायत अनेक प्रयत्न गर्दा पनि सन्चो नभएकी केटी सन्चो भएकीले छिमेकीले उसलाई भगवान् नै हो भनेको सन्दर्भमा ऊ स्वयम्ले आफू सामान्य मानिस भएको कुरा बताएको छ । माथिका अनुच्छेदमा उल्लिखित उसको दैवी शक्तिसम्बन्धी सन्दर्भले उसलाई देवताका रूपमा चित्रण गरेको छ भने पृ. ६६ मा उल्लिखित सन्दर्भमा ऊ स्वयम्ले आफू सामान्य मानिस भएको दाबी गरेको छ । यसबाट देवता/मानव विरोधी द्विचर भञ्जन भएको छ । यसै द्विचरलाई भञ्जन गर्ने अर्को सन्दर्भ पनि यस उपन्यासको एक सय एकसट्ठी भागमा पनि प्रस्तुत गरिएका छन् :

१. प्रत्यक्ष दृष्टि : अभिमन्यु भुइँमा पछारिन्छ र अचेत हुन्छ । सबैमा कोलाहल छाउन थाल्छ । मान्छे भाग्ने र हेर्ने, अनि कराउने र क्रोधित हुने एकैचोटि हुन थाल्छ । त्यही बेला एक्कासि एउटा अचम्मको दृश्य देखा पर्न थाल्छ । के भने अभिमन्यु लडेपछि थुम्को ढिस्को बिस्तारै हल्लिन थाल्छ । मानौं भूकम्प आउँदै छ । थुम्को हल्लिँदै भासिन थाल्छ । मान्छेहरू त्रसित नेत्रले हेर्दैछन्, देख्तै छन्, अभिमन्युलाई थुम्कोले आफ्नो गर्भमा लिएर जाँदै छ ।

२. कथन दृष्टि : भासिँदै गएको थुम्कोमा फेरि त्यही बेला अर्को अचम्म दृश्य देखा पर्छ । मान्छेहरूले देखेर आँखा एकटक पार्छन् । कहाँबाट हो, एक्कासि एउटा सेतो धुँवा जस्तो डल्लो उडेर आउँछ । आएर थुम्कोमा बस्छ । त्यस सेतो वस्तुको पखेटा छ । खुट्टा छ । पुच्छर छ । हेर्दा घोडा जस्तो देखिन्छ । श्वेत जीव ? मान्छेहरूले ठम्याउँछन् । होहो, श्वेत जीव नै हो । त्यस श्वेत जीवले के गर्छ अब ? सबैको जिज्ञासालाई अचम्मको नेत्रमा परिणत गर्दै त्यस श्वेत जीवले अचेत अभिमन्युलाई जुरुक्क उचाल्छ र कसैले केही सोच्नै नपाई उडाएर बेपत्ता हुन्छ । (पृ. १८६)

माथिका दुई उद्धृतांशमध्ये पहिलो घटना प्रत्यक्ष अर्थात् घटित हो भने अर्को घटना मानिसले त्यस घटनाको वर्णन गरेको अवस्था हो । पहिलो अनुच्छेदमा परम्परादेखि शाश्वत महत्त्व बोकेको ढिस्को भत्काउन बिचौलियाले गरेको निर्णयमा सरकारबाट गरिएको सदरका विरुद्ध अभिमन्युले बलियो भाषण दिई आफूले आजसम्म थुम्कोलाई बचाउन कोसिस गरिरहे पनि अब यसबाट हटिदिएर सबैलाई सजिलो पार्ने कुरा गरिसकेपछि एक्कासि ढलेका बेला ढिस्को मात्र हल्लिएर पुरिएको घटना दैवी प्रकारको छ । उसमा दैवीशक्ति भएकै कारण ढिस्कोले आफ्नो रक्षक अभिमन्युलाई आफूमा समाहित गरेको घटना प्रत्यक्षतः सबैले देखेको घटनाका रूपमा पहिलो अनुच्छेदमा चित्रित छ । दोस्रो अनुच्छेदमा भत्किन लागेको थुम्कोमा सेतो घोडा उडेर आई अभिमन्युलाई बोकेर बेपत्ता भएको घटना झन् काल्पनिक र दैवी खालको मान्नसकिने प्रकारको छ । पहिलो प्रत्यक्ष घटना नै दैवी खालको भएकाले दोस्रो घटना पनि दैवी किसिमले नै आएको छ । त्यसैले यी दुवै घटनासन्दर्भमा देवता/मानव द्विचर भञ्जन भएको छ ।

देवता/मानव द्विचर भञ्जन भएका उद्धरणहरूमा यथार्थ/कल्पना द्विचर पनि भञ्जन भएको छ । यी घटना यथार्थ जस्ता छन् र काल्पनिक जस्ता पनि छन् । यी घटनासन्दर्भ पढ्दा पाठकले होइन भनी नकार्न पनि सक्दैन र हो भनी स्विकार्न पनि गाह्रो पर्नसक्ने अवस्था रहेको छ । यसैले यिनलाई यथार्थजन्य र काल्पनिक दुवै प्रकारका भनी व्याख्या गर्नसकिन्छ । यसो हुनु यथार्थ/कल्पना द्विचर भञ्जन हुनु हो । यस भञ्जनले सबै मानिसको अन्तर्यमा देखिएको कुराभन्दा बेग्लै यथार्थता लुकेको हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेको छ । यसबाट परिस्थितिवश मानिसले कसैलाई कुनै अवस्थामा देवता र उसैलाई कुनै अवस्थामा मानवका रूपमा परिभाषित गर्छन् । दृष्टिकोण सापेक्षित हुने हुँदा कसैलाई देवता या मानव भन्न मिल्दैन भनी देवता र मानवको अर्थगत बहुलतालाई सङ्केत गरेको छ ।

**अनि अभिमन्यु... उपन्यासमा स्वतन्त्र/परतन्त्र द्विचरको भञ्जन**

प्रस्तुत उपन्यासको भाग उन्नाइसमा अभिमन्युको भिनाजुलाई कुनै सेनाले समातेर लगेको कल्पना गरी गरिएका कुराकानीको विषय उल्लेख गरिएको छ । उसको विरुद्ध उजुरी परेको भन्ने आरोपमा सेनाद्वारा समातिएको हुनसक्ने आशङ्का गरिएको निम्नलिखित अनुच्छेदमा प्रस्तुत भएको छ :

अलि पर हिँडेपछि ।
आउँछ एउटा ब्यारेक ।
भित्र घचेटेर लगेपछि एउटा मेचमा बाँध्छ ।
अनि आरम्भ हुन्छ यातनाका अनेक कार्यकरणीहरू ।
कति सहने ?
एउटा निर्दोष नागरिकले स्वतन्त्र हुनुको यो जस्तो ठूलो दुर्नियति
अरू के हुन सक्छ र ? (पृ. १९)

दिएको अनुच्छेदमा एउटा नागरिक स्वतन्त्र भएकाले उसले दुर्नियति खप्नुपरेको भन्ने आशय आएको छ । स्वतन्त्र अर्थात् न विद्रोहीको समर्थन वा विद्रोह गर्ने न सरकारको समर्थन वा विरोध गर्ने सामान्य नागरिक भएकाले सेनाले विद्रोही भएको र विद्रोहीले सेनाको सुराकी भएको आरोपमा पक्राउ परेर यातना खप्नुपर्ने नियति आएको भन्ने अर्थ यसबाट निसृत भएको छ । यदि मानिस स्वतन्त्र भए उसलाई कसैले पक्राउ गर्ने अवस्था आउँदैनथ्यो किनकि ऊ कसैको पनि समर्थक वा आलोचक हुँदैनथ्यो । तत्कालीन समयमा पक्राउ पर्ने मानिस कि त सेनाको समर्थक वा आलोचक, कि विद्रोहीको समर्थक वा आलोचक भएको आधारमा हुने अवस्था थियो । यदि ऊ त्यसै आरोपमा पक्राउ परेको छ भने ऊ स्वतन्त्र नभई कुनै पक्षीय वा परतन्त्र नै भएको थाहा हुन्छ । त्यसो हुँदा उक्त अनुच्छेदमा प्रस्तुत आशय विरोधाभासी देखिन्छ । यसबाट स्वतन्त्र/परतन्त्र द्विचर भञ्जन भएको छ ।

विवेच्य उपन्यासको भाग चौबिसमा पनि सुरुको सहरोन्मुख गाउँ सहरमा रूपान्तरण भएको अवस्था देखाइएको छ । समयसँगै नयाँनयाँ समाचार आइरहेको अवस्था प्रस्तुत गरिएको छ । यससम्बन्धी निम्नलिखित उद्धरणमा पनि स्वतन्त्र/परतन्त्र द्विचर भञ्जन भएको छ :

> दृश्य परिवर्तन हुन्छ : सहर बेतोडले दौडिरहेको छ । समय नितनिरन्तरमा परिवर्तित छ । समयसँगै समाचारहरू पनि छिनछिन विभिन्न रूपमा रूपान्तरण भएका छन् । कसैका छोरो जेलमा आत्महत्या गरेको खबर छ । न्याय खोज्न गोरखा जाने किंवदन्ती पूरै मेटिएको छ । वृद्ध आमाबाउ रोएर आँखा नदेख्ने भएका छन् । असहाय मुखओडारबाट झरेका शब्दहरू प्रश्नैप्रश्न थुप्राको पहाड भई उभिएका छन्, यसरी...
>
> 'बाबू, हामी जस्ता निमुखालाई कसले दिने न्याय ? यति भनिदेऊ, राष्ट्र त स्वतन्त्र भएछ, हामीचाहिँ कहिले स्वतन्त्र हुने ? हामी जस्ताको लागि सरकार छ कि छैन ?' (पृ. २७)

माथिको अनुच्छेदमा सामान्य मानिसले न्याय नपाएकाले आत्महत्या गर्नुपर्ने अवस्था रहेको स्थिति देखाइएको छ । अन्यायले प्रश्रय पाएकाले जनतामा न्यायसम्पादनसम्बन्धी अनेक प्रश्न रहेको कुरा पनि व्यक्त गरिएको छ । वृद्धले भनेका कुरालाई अलि ठुला अक्षरमा प्रस्तुत गरी सामान्य जनता स्वतन्त्र राज्यका नागरिक भए पनि व्यावहारिक तरिकाले स्वतन्त्र हुन नसकेको, उनीहरूले न्यायपूर्ण सरकारको अनुभूति गर्न नपाएको अवस्थालाई उल्लेख गरिएको छ । राज्य स्वतन्त्र भएपछि जनता पनि स्वतन्त्र हुनुपर्ने हो । स्वतन्त्र जनताले कर्मअनुसार न्याय वा सजाय प्राप्त गर्नुपर्ने हो तर निमुखा वा सत्ताको पहुँचभन्दा टाढा रहेका जनतामा अन्याय पर्दा पनि न्याय प्राप्त नहुँदा जनतालाई स्वतन्त्र भन्न सकिँदैन । जनता त शक्ति, सत्ता, राजनीति विचार वा दल आदिसित सम्बन्धित भई परतन्त्र हुँदा रहेछन् । यस अवस्थामा सामान्य जनतालाई स्वतन्त्र र परतन्त्र दुवै किसिमका भन्नमिल्ने भएकाले यस उद्धरणमा स्वतन्त्र/परतन्त्र द्विचर भञ्जन भएको छ ।

प्रस्तुत उपन्यासमा अभिमन्यु एउटा मालअड्डा अर्थात् मालपोत कार्यालयमा काम गर्ने कर्मचारीका रूपमा चित्रित छ । ऊ इमानदार छ तर कार्यालयमा अनेक खन्चुवाहरू अर्थात् घुस्याहाहरू रहेकाले उसलाई काम गर्न गाह्रो भएको अवस्था देखाइएको छ । "सेवाग्राहीको मर्म बुझ्न होइन, बेच्न बसेका" (पृ. ३४) हाकिमदेखि पियनसम्मले उसलाई एक्लो पारेका छन् । ऊ नियमअनुसार काम गर्न स्वतन्त्र छ तर स्वतन्त्र छैन । उसलाई अरू कर्मचारीले "आफ्नोआफ्नो कमाउने बाटो यो मोरो लाटोले रोक्ने भो बा" (पृ. ३६) भन्ने सोच्छन् । ऊ बिदामा बसेको बेला उसको दराजमा हजारका नोटका तीन बन्डल राखिदिएर पक्राउमा पार्छन् अनि उसलाई जागिरबाट निलम्बन गरी बर्खास्त नै गरिदिएको घटना आएको छ । यो नै उपन्यासको मूल

कथावस्तु हो । यस कथावस्तुका माध्यमबाट पनि स्वतन्त्र/परतन्त्र द्विचर भञ्जन गरिएको छ । एउटा कार्यालयमा तोकिएको काम गर्न बसेको कर्मचारी नियमअनुसारको काम गर्न स्वतन्त्र हुन्छ । यस दृष्टिकोणबाट उपन्यासको प्रमुख पात्र अभिमन्यु पनि स्वतन्त्र कर्मचारी हो तर नियम नपुगेका काम पनि अतिरिक्त रकम लिएर काम गराउन हाकिम र अन्य सहकर्मीले बाध्य पार्न खोज्ने अवस्थाले उसलाई परतन्त्र बनाएको छ। उसले स्वतन्त्र तरिकाले काम गर्न पाएको छैन। यसैले ऊ परतन्त्र कर्मचारी हो। एउटै व्यक्ति स्वतन्त्र र परतन्त्र दुवै स्थितिमा रहनु स्वतन्त्र र परतन्त्र दुवै हुनु हो र स्वतन्त्र र परतन्त्र दुवै हुनु होइन। यस अवस्थाले उपन्यासमा स्वतन्त्र/परतन्त्र द्विचर भञ्जन भएको छ। यस भञ्जनले कुनै कुरा पनि स्वतन्त्र र परतन्त्र भनी तोक्न सकिने अवस्थामा हुँदैन । स्वतन्त्र र परतन्त्र सापेक्षित कुरा हुन् भन्ने अर्थ दिई यी दुवैको अर्थकेन्द्र भञ्जन भई अर्थगत बहुलतालाई सङ्केत गरेको छ।

उल्लिखित द्विचरबाहेक यस उपन्यासमा निश्चित/अनिश्चित, आदर्श/अनादर्श, आशा/निराशा, इमानदार/बेइमान, आदर्श/यथार्थ द्विचर भञ्जन भएका सन्दर्भ आएका छन् । यी द्विचरभञ्जनले यस उपन्यासमा अर्थगत बहुलता उजागर गरेका छन् ।

## निष्कर्ष

*अनि अभिमन्यु...* उपन्यासमा विधामिश्रण र विधाभञ्जनको अवस्थाले यसमा विधा/पाठ द्विचरभञ्जन गराएको छ । उपन्यास विधाको कृति भनिए पनि यसमा भएको विधा/पाठ द्विचरभञ्जनले यस कृतिलाई खुलापाठ बनाएको छ। यस उपन्यासमा पात्र/आख्याता द्विचरभञ्जनले पनि विधाभञ्जनमा सहयोग पुऱ्याएको छ। यसले गर्दा यो कृति विनिर्मित 'पाठ' बनेको छ। यस उपन्यासमा हो/होइन द्विचरभञ्जनले कुनै पनि कुरा यकिन गरी यही नै हो वा यो होइन भन्न नमिल्ने र यी कुरा सापेक्षित हुने कुरा देखाएको छ। देवता/मानव द्विचरभञ्जनले एउटै मानिस परिस्थितिअनुसार देवता जस्तो वा मानव जस्तो हुनेहुँदा यही वा यस्तै भन्न सकिँदैन भन्ने देखाएको छ। यथार्थ/कल्पना द्विचरभञ्जनले कसैका लागि यथार्थ घटना अर्कोलाई काल्पनिक लाग्नसक्ने भएकाले यथार्थ नै कल्पना र कल्पना नै यथार्थ हुनसक्ने अवस्थालाई सङ्केत गरी तिनको अर्थकेन्द्रलाई भञ्जन गरेको छ । समग्रमा यी विरोधी द्विचरको भञ्जनले द्विचरमा भएका शब्दको अर्थकेन्द्र भञ्जन गरी बहुल अर्थतिर द्योतन गरेको छ भने विधाभञ्जन र विधामिश्रणको अवस्थालाई उजागर गरी यो कृति खुलापाठ भएको पुष्टि गरेको छ । यसले यो उपन्यासलाई अपरम्परित र विनिर्मित बनाएको छ।

## सन्दर्भसामग्री सूची

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

नारंग, गोपीचन्द (सन् २०००). *संरचनावाद, उत्तर संरचनावाद एवं प्राच्य काव्यशास्त्र,* (देवेश अनु.). साहित्य अकादेमी ।

थापा, रोशन 'नीरव' (२०७१). *अनि अभिमन्यु....* शब्दहार क्रियसन्स ।

Conner, S. (2011). Structuralism and post structuralism. In M. Coyle, P. Garside, M. Kelsall & J. Peck (Eds.), *Encyclopedia of literature and criticism* (p.736-749). Gale Research Inc.

Cuddon, J.A. (1999). *Dictionary of literary terms and literary theory*. Penguin Books.

Derrida, J. (1978). Structure, sign and play in the discourse of human sciences, (A. Bass, Trans.), *Writing and difference* (p.278-293). The University of Chicago Press.

Johnson, B. (1981). Translor's introduction. *Dissemination* (p.vii-xxxiii). The University of Chicago Press. 49302988-Derrida-Dissemination.pdf

Margolin, Uri (2009s). Narrator, In Peter Huhn, John Pier, Wolf Schmid, Jorg Schonert (Eds.), *Handbook of narratology* (p.351-369). Walter de Gruyter.